# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग Asian Development Bank (ADB) का South Asia Department हेर्ने Director General Juan Miranda सहितको प्रतिनिधि मण्डलले असोज ११ गते भेटवार्ता गऱ्यो ।



सो अवसरमा गभर्नर डा. खतिवडा र Director General बीच नेपालको अर्थतन्त्रका विविध पक्षहरुका बारेमा छलफल तथा विचार विमर्श भयो । उक्त अवसरमा ADB का Director General ले निजी क्षेत्रको अग्रसरतामा सञ्चालन हुने पूर्वाधारजन्य परियोजनाहरुले Local Currency Bond जारी गर्ने विषय, एशियाली विकास बैंकले नेपालमा सहयोग गर्न सक्ने सम्भाव्य क्षेत्रहरुका बारेमा कुरा राख्नु भएको थियो ।

भेटमा गभर्नर डा. खतिवडाले जनतालाई बैंकिङ्ग सेवाको पहुँच अभिबृद्धि गर्न सुलभ पूँजीका अतिरिक्त वित्तीय साक्षरता अभियान अघि बढाउन, बचत तथा ऋण सहकारी संस्थाको अनुगमन क्षमता वृद्धिका लागि सहकारीका उत्पादनको बजारीकरण सुदृढ गर्ने जस्ता विषय सहयोगका क्षेत्र हुन सक्ने धारणा राख्नु भएको थियो । गभर्नर खतिवडाले समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेको जानकारी दिनु भएको थियो ।

त्यसैगरी, Director General ले हुलाक बचत बैंकका अन्तर्राष्ट्रिय अनुभव पनि वित्तीय पहुँच अभिबृद्धिमा सहायक हुने धारणा राख्नु भएकोमा गभर्नर डा. खतिवडाले विद्यमान कानूनी व्यवस्थामा पुनरावलोकन गरेर यसतर्फ थप पहल गर्न सकिने विचार व्यक्त गर्नु भयो ।

२०६९ असोज १२ गते शुक्रबार

गभर्नरको कार्यालय